# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, असोज ८ गते, २०८३ साल (संख्या ३६

## भाग ३

### अख्तियार दुरुपयोग अनुसन्धान आयोगको

### सूचना

### संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ३६

### अख्तियार दुरुपयोग अनुसन्धान आयोग (पाँचौं संशोधन) नियमावली, २०८३

अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले देहायका नियमहरू बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यी नियमहरूको नाम "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (पाँचौं संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ मा नियम १२ख. थप</u>** : अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम १२क. पछि देहायको नियम १२ख. थपिएको छः-

**"१२ख. <u>विवादास्पद सबुद प्रमाण वा व्यक्तिको परीक्षण गरिने</u> :** (१) भ्रष्टाचार सम्बन्धी कसुरको अनुसन्धानको सिलसिलामा सङ्कलित नमुना, विवादास्पद कागज वा डिजिटल सबुद प्रमाण आयोगले स्थापना गरेको फरेन्सिक इकाई वा प्रचलित कानून बमोजिम स्थापित अन्य प्रयोगशालामा वैज्ञानिक परीक्षण गरिनेछ।

(२) भ्रष्टाचार सम्बन्धी कसुरको शङ्कित व्यक्तिको पोलिग्राफ परीक्षण गर्न आवश्यक भएमा उपनियम (१) बमोजिमको फरेन्सिक इकाई वा प्रयोगशालामा परीक्षण गरिनेछ।

(३) उपनियम (१) वा (२) बमोजिम गरिएको परीक्षणबाट प्राप्त प्रतिवेदन प्रमाणको लागि ग्राह्य हुनेछ।"

**आज्ञाले,**
**काली प्रसाद पराजुली**
**सचिव।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।